# पचरौता नगरपालिका
## Pachrauta Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal executive

पत्र संख्या/Letter No:२०८३/०८४
चलानी नं./Ref No:

बेनौली, बारा/Benauli,Bara
मधेश प्रदेश/Madhesh Province-,Nepal

सुचना ! सुचना !! सुचना!!!

प्रथम पटक प्रकाशित मितिः२०८३/०४/०४

**"भिखना माछा पोखरीको खुला बोलपत्र आह्वान सम्बन्धी सार्वजनिक सूचना"**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको साविक गा.वि.स. बेनौली वडा नं. ३ हाल पचरौता नगरपालिका वडा नं. ७ कि.नं. १६५ को ज.वि. ४-२-० भिखना माछा पोखरीको खुला बोलपत्र सम्बन्धी २१ दिने सार्वजनिक सुचना प्रकाशन गरिएको छ । टेण्डर लिने ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाण पत्र, पान नं, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्व-घोषणा पत्र पेश गरि निम्न शर्तहरुको अधिनमा रही तोकिए बमोजिमको मिति, समय र स्थानमा बोलपत्र खोलिने कार्य हुने भएकोले सबैमा जानकारीको लागि अनुरोध छ ।

| ठेक्का नं | ठेक्काको किसिम | न्युनतम ठेक्का अंक | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१/२०८३/०८४ | साविक गा.वि.स.बेनौली वडा नं ३ हाल पचरौता नगरपालिका वडा नं ७ को कि.न. १६५ को ज.वि. ४-२-०(भिखना माछा पोखरी) | ६०,००,०००।०० (अक्षरेपी साठी लाख मात्र) | ३,०००।०० | भ्याट रकम समेत |

शर्तहरु

- ठेक्का सेवा अवधि सम्झौता गरेको मिति देखि लागु हुने गरि ५ बर्ष सम्म कायम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

मो.नं.९८५५०४८४६४ | वेबसाइट : www.pachrautamun.gov.np |इमेल : pachrautamun@gmail.com| टिविटर:twitter.com/pcharauta

# पचरौता नगरपालिका
Pachrauta Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal executive

पत्र संख्या/Letter No:२०८३/०८४
चलानी नं./Ref No:

बेनौली, बारा/Benauli,Bara
मधेश प्रदेश/Madhesh Province,Nepal


- बोलपत्र फर्ममा कार्यालय प्रमुख र कार्यालयको छाप नभएको बोलपत्रलाई मान्यता दिईने छैन।
- सुचना प्रकाशन भएको मितिले २२ औं दिन अपरान्ह १२:०० बजे भित्र नेपाली नागरिक भए आफ्नो कबुल गरेको ठेक्का अंकको ५% र बिदेशी नागरिक भए १०% धरौटी रकम NMB Bank पचरौता शाखाको पचरौता नगरपालिका स्थानिय निकाय धरौटी खाता-ग.३-१ बैंक खाता नं.११४००८३१६४१०००४८ मा दाखिला गरेको सक्कलै भौचर सहित रित पुगेको अन्य प्रमाण पत्रको प्रतिलिपि सहितको कागजात दर्ता गराईसक्नु पर्नेछ। धरौटी वापतको नगद रकम ठेक्का रकममा संकलन गरेमा मान्यता दिईने छैन।
- यसरी दर्ता हुन आएको बोलपत्रहरु २२ औं दिनको दिउसो ०३:०० बजे नगरपालिकाको कार्यालयको सभा हलमा बेनौलीमा खोलिनेछ। सो समयमा बोलपत्र दर्तावाला वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन र सो बोलपत्र स्थानिय प्रतिनिधिहरुको रोहवरमा समेत खोलिने छ र बोलपत्र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो लगतै कार्यालय खुल्ने दिनमा उक्त कार्य गरिनेछ ।
- बोलपत्र फर्म भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरि उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
- बोलपत्र स्वीकृत भएपछि सुचना पायक वा घरदैलोमा टांस गरेको मितिले ७ दिन भित्र नियम अनुसार पान नं दर्ता, संस्था दर्ता र नविकरण लगायतका प्रमाणहरुको प्रमाणित प्रतिलिपि लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता नगरी चलनपुर्जी लिन नआएमा धरौटी रकम जफत गरिनेछ र दोस्रो बोलपत्र दर्ताको बोलपत्र स्वीकृत गर्ने वा पुन:बोलपत्र आहवान गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# पचरौता नगरपालिका
Pachrauta Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal executive

बेनौली, बारा/Benauli,Bara
मधेश प्रदेश/Madhesh Province,Nepal

पत्र संख्या/Letter No:२०८३/०८४
चलानी नं./Ref No:

- ठेक्का स्वीकृत भएपछी सम्पुर्ण रकम एक मुस्ठ बुझाएमा १०% छुट गरी सम्झौता गरिनेछ र स्थायी चलन पुर्जी दिन सकिनेछ ।
- ठेक्केदारले आफुले कवोल गरेको कुल रकम १० किस्तामा बुझाउनु पर्ने छ ।धरौटी रकम अन्तिम किस्तामा मिनहा हुनेछ ।
- ठेक्केदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउनु पर्ने बाकी रकमको बैंक जमानत(परफर्मेन्स बौण्ड) पेश गरे पछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलन पुर्जी दिईनेछ ।
- पोखरी भोग चलन गर्दा सार्वजनिक वा व्यक्तिगत सम्पतिमा हानी नोक्सानी र पोखरीको भौतिक संरचना विर्गान पाईने छैन । साथै पोखरीमा वहुमुल्य सामान फेला परेमा स्थानिय सरकारको हुनेछ ।
- सम्मानित अदालत,प्रदेश सरकार,नगरसभाको निति,निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको मुख्य कर्तव्य र उत्तरदायित्व हुनेछ।निति नियम वा अदालतको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले नगरपालिका संग गर्न पाउने छैन।
- यसमा उल्लेख नभएको अन्य कुराहरुमा सार्वजनिक खरिद ऐन २०६३,नियमावली २०६४ र स्थानिय सरकार संचालन ऐन २०७४ तथा आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व ऐन बमोजिम हुनेछ ।

वसन्तराज जोशी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत